महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

सुर्नया गाउँपालिका
बैतडी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः२०७८/७९
च.नं.१७६

मिति २०७८।५।४

श्री अध्यक्षज्यू,
सुर्नया गाउँपालिका ,
गाउँकार्यपालिकाको कार्यालय , बैतडी।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः२०७८/७९
च.नं.१७७ मितिः२०७८/५/४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सुर्नया गाउँपालिका ,
गाउँकार्यपालिकाको कार्यालय, बैतडी।

कैफियत सहितको राय

हामीले सुर्नया गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु ३ करोड ९८ लाख २६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ७१ लाख ७१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु २ करोड २७ लाख ०९ हजार नियमित गर्नुपर्ने रु. ८२ लाख ६४ हजार पेश्की बाँकी रु १६ लाख ८२ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।०१।१५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभइ कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २१ (एक्कइस) को यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

सुर्नया गाउँपालिका

लेखापरीक्षण प्रतिवेदन

२०७६।७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, १२४.५ वर्ग किलोमिटर क्षेत्रफल तथा १८५४९ जनसंख्या रहेको छ

स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		**१७६५०३०६।**	१	**चालु खर्च**		२३०११४२२८।५३
	क) नगद			२	**पूँजीगत खर्च**		१००१०१९८१।५०
	ख) बैंक		१७६५०३०६।	३	**वित्तिय व्यवस्था भुक्तानी**		०.००
२	**राजस्व (आन्तरिक आय)**		**४८०४८२५६।०६**		क) ऋण भुक्तानी		
	क) आन्तरिक राजस्व		२१२५८०४।३४		ख) ब्याज भुक्तानी		
	ख) राजस्व बाँडफाँड केन्द्र		४५०४४०९८।१८		ग) अन्य भुक्तानी		
	ग) राजश्व वाडफाड प्रदेश		८७८३५३।५४	४	**लगानी**		०.००
३	**वित्तिय हस्तान्तरण संघ**		**२६०११९५५७।**		ऋण लगानी		
	क) वित्तिय समानीकरण अनुदान		७९३०००००।		शेयर लगानी		
	ख) सशर्त अनुदान		१६४९८७०००।		अन्य लगानी		
	ग) एस एस डि पी ऋण,अनुदान		१३०६८०००।	५	धरौटी फिर्ता		**३२८७५३८।००**
	घ) फिनल्यान्ड सरकार		२७६४५५७।	६	कर्मचारी कल्याण कोष खर्च		
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		**३८२६७०००।**	७	प्रकोप व्यवस्थापन कोषा		
	क) वित्तिय समानीकरण अनुदान		६८५४०००।	८	**वैक मौज्दात**		**३९४५३७२३।९५**
	ख) सशर्त अनुदान		७८१८०००।	९	क) मुल संचित कोष		१०५४१०७।०२
	ग) समपुरक अनुदान चालु		१७१९५०००।	१०	ख) चालु खर्च खाता		२३२२२९३१।५०
	घ) विशेष अनुदान चालु		६४०००००।	११	ग] पुजिगत खर्च खाता		९७२२५३६।३५
५	धरौटी आय		**८१८१०७७।०८**	१२	घ] कर्मचारी कल्याण कोष		३६९१८४।
६	**हिसाव मिलान**		**६९१२७५.८४**	९	ङ]प्रकोप व्यवस्थापन कोष		६९७१४।
				१०	च]धरौटी मौज्दात		४८९३५३९।०८
				११	छ] आन्तरिक राजश्व खाता		१२१७१२।
	जम्मा		**३७२९५७४७१।९८**		**जम्मा**		**३७२९५७४७१।९८**

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात फरक देखिएको छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाको गत वर्षको मौज्दात जिम्मेवारी रु.४ करोड २३ लाख ६४ हजार रहेकोमा पेश भएको आर्थिक विवरण अनुसार रु.१ करोड ७६ लाख ५० हजार मात्र जिम्मेवारी सारेको छ । घटी मौज्दात जिम्मेवारी सारेको रु.२ करोड ४७ लाख १४ हजार छानविन गरी हिसाव समायोजन गर्नुपर्दछ । त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**एकीकृत आर्थिक विवरण** - स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । गाउँपालिकाले स्विकृत ढाँचामा एकीकृत आर्थिक विवरण तयार गरेको छैन ।गाउँपालिकाबाट भएको सवै कारोबार समेटेर एकिकृत आर्थिक विवरण तयार गर्नुपर्नेमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा भइ खर्च भएको रु ५८६६६४१५। समावेश नगरी एकिकृत आर्थिक विववरण तयार गरेकोले एकिकृत आर्थिक विवरणले गाउँपालिकाको सम्पुर्ण कारोवारको यथार्थ तथा वास्तविक खर्चको चित्रण गरेको छ भनि यकिन गर्न सकियन । स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा गाउँपालिकाले बैंक हिसाब मिलान विवरण तयार नगरेकोले रु ६९१२७५।८४ बैंक वढी देखाएको हिसाब मिलान विवरण पेश हुनुपर्ने रु.	६९१२७५।८४
३.	**आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • गाउँपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी	

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	केन्द्रीत भई वितरणमुखि रहेको पाईयो। • गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो • वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको छैन । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन । • गाउँपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ बमोजिम कार्य विवरण बनाई लागु गरेको पाईएन । • जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गरेको छैन । तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४</td><td>बरबुझारथ : मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस गाउपालिका तथा गाउपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५</td><td>बजेट पेश, पारित र अख्तियारी - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्य गाउँपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्रीमती लिला कुमारी विष्टले मिति २०७६।३।१० गते रु.१७ करोड ४६ लाख ६६ हजारको बजेट सभा समक्ष पेश गरेको छ । यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियन। स्थानिय तहले आर्थिक वर्षको राजश्व र व्ययको अनुमान गाउ सभामा प्रस्तुत गर्दा केन्द्र तथा प्रदेशबाट प्राप्त हुने सर्शत अनुदान तर्फको रकम समेत समावेश गरी सभामा पेश गरी सभाबाट स्विकृत गरेर खर्च गर्नुपर्नेमा केन्द्रबाट प्राप्त हुने सर्शत रकम समावेश नगरी आय व्यय अनुमान पेश गरेको छ ।</td><td></td></tr>
<tr><td>६</td><td>बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td>चौमासिक खर्च : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएकोप व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">क्र.स.</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च (रु. हजारमा)</th></tr>
<tr><th>प्रथम मासिक</th><th>दोस्रो मासिक</th><th>तेश्रो चौ</th><th>आषाढ महिना</th></tr>
<tr><td></td><td>पूँजिगत खर्चतर्फ</td><td>१००१०१</td><td>१४३७</td><td>२७७१</td><td>९५८९२</td><td>६८२५२</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१००१०१</td><td>१४३७</td><td>२७७१</td><td>९५८९२</td><td>६८२५२</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td></td><td>१.४३</td><td>२.७६</td><td>९५.७९</td><td>६८.१८</td></tr>
</table>
गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार पुँजीगत खर्च रु.१००१०१ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.१४३७.० अर्थात १.४३ प्रतिशत, दोश्रो चौमासिकमा रु. २७७१. हजार अर्थात २.७६ प्रतिशत र तेश्रो चौमासिकमा रु. ९५८९२ अर्थात ९५.७९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ६८२५२.० अर्थात ६८.१८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>८</td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । रु हजार
<table>
<tr><th rowspan="2">क.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>१५६८६।</td><td>१३२४३।</td><td>८४.४३</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>६२७६५।</td><td>५७१११।</td><td>९०.९९</td></tr>
<tr><td>३</td><td>सामाजिक क्षेत्र</td><td>२२३०४६।</td><td>१९८९०९।</td><td>८९.१८</td></tr>
<tr><td>४</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>७२४६६।</td><td>४९८३३।</td><td>६८.७७</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३७३९६३</td><td>३१९०९६</td><td></td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ५९.६४ प्रतिशत सामाजिक विकासमा र घटी ४.१९ आर्थिक विकासमा रहेको छ ।</td><td></td></tr>
<tr><td>९</td><td>लक्ष्य प्रगति : कार्यालयको चौमासिक वार्षिक स्तरका प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।यो वर्ष संचालित १८२ योजना मध्ये ८ वटा योजनाको शुन्य प्रगति रहेकोले स्विकृत कार्यक्रम अनुसार प्रगति हासिल गर्ने तर्फ पहल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td>कर्मचारी करार - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर गाउँपालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु. ४३५०१७४। खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>११</td><td>कल्याण कोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानिय तहले कार्यालयलाइ कर्मचारी कल्याण कोषको लागि रकम जम्मा गर्नुपर्नेमा उक्त कोषकमा यो वर्ष रकम जम्मा गरेको छैन ।</td><td></td></tr>
<tr><td>१२</td><td>आन्तरिक लेखापरीक्षणा : स्थानियतह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानियतहले आर्थिक कारोवारको नियमितता, कार्यदक्षता, प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । तर यस वर्ष यस गाउपालिकाले यस वर्षको कारोवारको आन्तरिक लेखापरीक्षण गरायको छैन ।तसर्थ कानुनमा तोकिए वमोजिम आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गराइ आन्तरिक नियन्त्रण प्रणालीलाइ प्रभावकारी वनाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td>आन्तरिक लेखापरीक्षण शाखा : प्रत्येक स्थानियतहले आफनो आन्तरिक कारोवार आन्तरिक जाचएंव आर्थिक प्रणाली प्रभावकारी व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यवस्था भएतापनि आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको छैन ।आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भइ वित्तिय जोखिम वढने सम्भावना रहन्छ ।तसर्थ यस गाउपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारवारको यथार्थता एंव वित्तिय जोखिम न्युनिकरण गर्नेतर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td>तलवी प्रतिवेदन : निजमाती सेवा ऐन २०४९ को दफा ७ वमोजिम स्थानिय तह अन्तर्गतका</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदन आन्तरिक लेखापरीक्षकबाट पारीत गराइ तलव खर्च लेखनुपर्नेमा पालिकाले कर्मचारीको तलवी प्रतिवेदन परीत नगरी खर्च लेखेको छ । तलवी प्रतिवेदन परीत गरेर मात्र तलव खर्च लेखनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td>वडा सचिवको पदपूर्ति : गाउँपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।
<table>
<tr><th>वडा संख्या</th><th>वडा सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr>
<tr><td>८</td><td>८</td><td>१</td><td>७</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७</td><td>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार छ । यस वर्ष गाउँपालिकाबाट सेवाप्रवाह गरेको विवरण माग गरेकोमा विवरण प्राप्त भएन ।</td><td></td></tr>
<tr><td>१८</td><td>योजनामा ५ लाख भन्दा कम विनियोजन : स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा आर्थिक सामाजिक एवम पुर्वाधार विकास कार्यक्रम अन्तर्गत विनियोजन भएको रकमबाट गाउँपालिकाले ५ लाख भन्दा कम लागतका आयोजना छनोट गर्न नहुने व्यवस्था छ ।गाउँपालिकाबाट प्राप्त विवरण अनुसार निर्देशिका विपरीत विभिन्न योजनाहरुमा रु ५ लाख भन्दा न्युन बजेट विनियोजन गरी खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>१९</td><td>योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७५/७६ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ देखि २ लाखसम्म</th><th>रु २ देखि ५ लाखसम्मका</th><th>रु ५ देखि १० लाखसम्मका</th><th>१० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>६२</td><td>४३</td><td>१६</td><td>१५</td><td>२३</td><td>१५९</td></tr>
</table>
उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु. १ लाख भन्दा कम र २ लाख सम्मका जम्मा १०५ योजना संचालन गरेकोमा रु.१० लाख भन्दा मुनिका मात्र १३६ योजनाहरु रहेका छन्। त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>२०</td><td>न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष सोझै विवादबाट निरुपन गर्न सकिने ५ दर्ता भएकोमा ५ फछ्यौट भएको छ ।</td><td></td></tr>
<tr><td>२१</td><td>असुल गर्नुपर्ने : सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य तथा सभा सदस्यले पाउने सुविधा सम्वन्धी ऐनलाइ प्रदेश सरकारले सशोंधन गरी मिति २०७७।३।८ मा पारित गरेको छ ।उक्त पदाधिकारी सुविधा सम्वन्धी ऐनको अनुसुचि १ [क] १ [ख] १ [ग] मा उल्लेख भएको सुविधा दिने मिल्ने देखिन्छ । पदाधिकारीले पाउने सुविधा गाउँपालिकाबाट विनियोजित बजेट शिर्षकबाट खर्च लेखनुपर्नेमा केन्द्र सरकारको सर्शत अनुदानबाट रु ३६०००००। लेखेकोले उक्त खर्च लेखेको रकम दाखिला गर्नुपर्ने रु</td><td>३६०००००</td></tr>
<tr><td>२२</td><td>आर्थिक सहायता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर गाउँपालिकाले यस वर्ष रु.३३७५००।आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td>विविध खर्च : स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७१ वमोजिमको बजेट अनुमानमा आन्तिरक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्नै व्यवस्था छ ।आन्तिरक आय न्युन भएकोमा पालिकाले यस वर्ष विविध तर्फ रु २१२२५०२। खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td>बार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १००१०१९८१।पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर गाउपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो ।अत : गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५</td><td>सवारीसाधन खरिद - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गाउँपालिकाले ३ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. ६९६६५२। खर्च गरेका छन् ।
<table>
<tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>मोटरसाइकल</td><td>३</td><td>६९६६५२।</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>६९६६५२।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६</td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था</td><td></td></tr>
</table>

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	छ । गाउँपालिकाले पेश गरेको आय–व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २४९९६९४। आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु. २१२५८०४। अर्थात अनुमान भन्दा ८५ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको समेत पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।	
२७	**राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख गाउँपालिकामा आएको देखिएन । अघिल्लो आर्थिक वर्षको बाँकी के कति छन यकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।	
२८	स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानिय तहले सार्वजनिक सेवा प्रवाहलाइ प्रभावकारी दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्ने सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ (७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ताको गरेको खर्चको सुचना सार्वजनिक टाँस गर्नुपर्ने र आफुले गरेको कामकारवाहीको सम्वन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको अवधिभित्र सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार गरेको देखियन ।	
२९	**हेभी इक्विपमेण्टको प्रयोग –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।	
३०	**शिक्षक दरवन्दी र पदपूर्ति -**स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको कुल शिक्षक दरबन्दी र पदपूर्तीको विवरण माग गरेकोमा विवरण प्राप्त भएन ।	
३१	४१।१२-११ बाट स्रोत कक्षा सञ्चालन विशेषशिक्षा कार्यक्रम अन्तर्गत स्रोत कक्षा सञ्चालन : व्यवस्थापनको लागि शिक्षा विभागको कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार प्रति विद्यालय रु २ लाख अनुदान दिने व्यवस्था विपरित शंकर संस्कृत माविलाई ३६४००० निकासा गरेकोले नर्म्सभन्दा बढी भुक्तान भएको रु १६४०००। असुल गर्नुपर्ने रु	१६४०००
३२	**दिवा खाजा** : गो भौ न ५२।१।१४ शिक्षा विभागको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ अनुसार विद्यालयमा कक्षा ५ सम्म अध्ययनरत छात्रछात्राको लागि विद्यार्थी संख्या यकिन गरी फ्ल्याश रिपोर्टको आधारमा प्रति विद्यार्थी रु १५ का दरले विद्यालयलाई निकासा दिने उल्लेख छ । यस वर्ष कार्यालयले दिवा खाजामा फलफुल र भान्सा निर्माण खर्चसमेत उल्लेख गरी रु ३१८७०३५। निकासा गरेकोमा नियम विपरित फलफुल र भान्सा निर्माण खर्च समेत भुक्तान गरेको रु ९७७७६०। र गो भौ नं १००।०३।११ बाट १७ वटा विद्यालयलाई भुक्तान गरेको रु ३७८०००। समेत रु १३५५७६०	

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>असुल गर्नु पर्ने रु</td><td>१३५५७६०</td></tr>
<tr><td>३३</td><td>निशुल्क पाठ्यपुस्तक : ७७।२।१ बाट यस पालिकाभित्र संचालित विद्यालयहरुमा कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरुको प्राप्त विवरण अनसार ४९० जना विद्यार्थीहरुको लागि निशुल्क पाठ्यपुस्तकको रकम पहिलो किस्तावापत ७५ प्रतिशत रु १३५२४०। निकासा हुनुपर्नेमा २५६४ विद्यार्थी संख्याको आधारमा भुक्तानी भएकोले बढी भुक्तानी भएको रु ५७२४२५। असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>५७२४२५</td></tr>
<tr><td>३४</td><td>निरन्तर छात्रवृत्ती : ९९।०३।११ यस वर्ष कार्यालयले विभिन्न १२ विद्यालयलाई निर्देशिका विपरित १०३०० का दरले रु १२३६००।छात्रवृत्ती रकम निकासा दिएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>१२३६००</td></tr>
<tr><td>३५</td><td>परीक्षा व्यवस्थापन : गो भौ न १०१।३।११ बाट पालिका भित्रका कक्षा ८ मा अध्ययनरत : छात्रछात्रा संख्या यकिन गरी प्रति विद्यार्थि रु २५० का दरले कक्षा ८ को परीक्षा व्यवस्थापन खर्च निकासा दिनुपर्नेमा मदनराज पन्तले पेश्की लिई २६५८८५।खर्चे गरेको छ । यस गाउँपालिका भित्रका कक्षा ८ मा अध्ययन गर्ने विद्यार्थी संख्या ५७७ रहेकोमा कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार रु १४४२५० मात्र निकासा दिनुपर्नेमा बढी निकासा दिएको रु १२१६३५। लेखेको अनियमित देखिएको रु</td><td>१२१६३५</td></tr>
<tr><td>३६</td><td>वैकल्पिक शिक्षा अनुदान : सिकाई केन्द्रहरुलाई वैकल्पिक शिक्षा कार्यक्रमको लागि शिक्षा विभागको कार्यक्रम कार्यान्वयन पुस्तिकाअनुसार सामुदायिक सिकाई केन्द्रले प्रस्तावसहित माग गरेमा रु १००००० थप निकासा दिन सकिने व्यवस्था छ । यस वर्ष सनराइज सामुदायिक सिकाई केन्द्रले प्रस्ताव पेश गरे बमोजिमको सो रकम भुक्तानी दिएकोमा सो को अनुगमन प्रतिवेदन पेश हुनुपर्ने ।</td><td></td></tr>
<tr><td>३७</td><td>खर्च शीर्षक फरक : गो भौ न १५६।३।२९ दिवा खाजा खर्च उपशीर्षकमा विनियोजित रकमबाट कार्यालयले प्रारम्भिक तथा बाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापनमा रु १०९००००।खर्च गरेकोले खर्च शिर्षक फरक पारी लेखेको खर्च अनियमित देखिएको रु</td><td>१०९००००</td></tr>
<tr><td>३८</td><td>सिकाई अनुदान : शिक्षा विभागको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएको विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानवापत विनियोजित रकम रु ३८३८८४०। निम्न विद्यालयहरुलाई नियमविपरित शिक्षकहरुको तलबको लागि निकासा दिएकोले रकम अनियमित देखिएको रु
<table>
<tr><td colspan="3">गो भौ नं र मित</td><td>९।०६-१०</td><td>५३।१-४</td><td>९९।३-११</td><td></td></tr>
<tr><th>सिनं</th><th>विद्यालय</th><th>ठेगाना</th><th>प.चौमासिक</th><th>दो.चौमासिक</th><th>ते.चौमासिक</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>भुवनेश्वर मावि</td><td>गोयली</td><td>112800</td><td>256760</td><td>122800</td><td>492360</td></tr>
<tr><td>२</td><td>वासुदेव आवि</td><td>तडीगाउँ</td><td>112800</td><td>112800</td><td>122800</td><td>348400</td></tr>
<tr><td>३</td><td>भुमिराज अवि</td><td>ढोले</td><td>112800</td><td>112800</td><td>122800</td><td>348400</td></tr>
<tr><td>४</td><td>सिद्धनाथ आवि</td><td>धुलिधार</td><td>112800</td><td>112800</td><td>122800</td><td>348400</td></tr>
<tr><td>५</td><td>कैलपाल मावि</td><td>झाडबो</td><td>112800</td><td>256760</td><td>122800</td><td>492360</td></tr>
<tr><td>६</td><td>केदार प्रावि</td><td>बसन्तपुर</td><td>106440</td><td>106440</td><td>116440</td><td>329320</td></tr>
<tr><td>७</td><td>उदयदेव मावि</td><td>पालिगडा</td><td>143960</td><td>143960</td><td>153960</td><td>441880</td></tr>
<tr><td>८</td><td>भुवनेश्वर मावि</td><td>पत्थरकोट</td><td>143960</td><td>0</td><td>0</td><td>143960</td></tr>
<tr><td>९</td><td>कैलपाल मावि</td><td>झाडबो</td><td>143960</td><td>0</td><td>153960</td><td>297920</td></tr>
<tr><td>१०</td><td>भुवनेश्वर मावि</td><td>गोयली</td><td>143960</td><td>0</td><td>153960</td><td>297920</td></tr>
<tr><td>११</td><td>भुवनेश्वर मावि</td><td>चौथली</td><td>0</td><td>143960</td><td>153960</td><td>297920</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>1246280</td><td>1246280</td><td>1346280</td><td>3838840</td></tr>
</table></td><td>३८३८८४०</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>३९</td><td>विलभरपाईः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम २६ बमोजिम कारोबारको खर्च बमोजिमको बभरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राखुपर्नेमा स्वास्थ्यतर्फका निम्न , लिखित गोष्ठी कार्यक्रमका खर्चको बिलभरपाइ भन्दा वढि खर्च लेखेको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>गोभौनं</th><th>मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>खर्च रकम</th><th>बिलभरपाई</th><th>नपुग रकम</th></tr>
<tr><td>२१</td><td>०८।१८</td><td>मोहनसिंह ठगुन्ना</td><td>३८६५०</td><td>१०४५०</td><td>28200</td></tr>
<tr><td>२३</td><td>०८।१८</td><td>मोहनसिंह ठगुन्ना</td><td>५८५००</td><td>१३५००</td><td>45000</td></tr>
<tr><td>१६१</td><td>०३।३०</td><td>लोग ब बहादुर विष्ट</td><td>९००००</td><td>८६०००</td><td>4000</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>77200</td></tr>
</table></td><td>७७२००</td></tr>
<tr><td>४०</td><td>न्यानो झोला
(१) ४४।१२-१४ कार्यालयले मिति १२।१४ मा गोदावरी मेडिसिन सप्लायर्सबाट २५० थान न्यानो झोला खरिद गर्दा मुअकर बाहेक प्रति एकाइ रु ७४३ उल्लेख गरेकोमा जम्मा परल मुल्य रु २०९८९६ हुनुपर्नेमा रु २२४०२२ खर्च लेखेकोले बढी भएको रकम रु १४१२६। असुल गर्नुपर्ने रु
(२) ६०।०१-१४ मिति ०१।१४ मा पुन खरिद गर्दा प्रति इकाइ दर मुअकर बाहेक ७९३।८० तिरेको देखियो । यसरी एउटै सामानको दर फरक पारी खरिद गर्दा १०० थान झोलाको मुल्यमा ५७४०। बढी व्ययभार परेको रु</td><td>१४१२६।
५७४०।</td></tr>
<tr><td>४१</td><td>जिन्सी : गो भौ न १०२।३।११ बाट कार्यालयले प्राप्त हुन आएका जिन्सी सामानको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ९५ बमोजिम जिन्सी किताबमा ७ दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गराउनुपर्नेमा डेल कम्प्युटर र क्यानन प्रिन्टर रु १६७४६२। खरिद गरेकोमा जिन्सी आम्दानी बाँधेको नदेखिएकोले जिन्सी आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने गर्नुपर्ने रु</td><td>१६७४६२।</td></tr>
<tr><td>४२</td><td>स्यानिटरी प्याड : गो भौ न १७१।३।३१ बाट कार्यालयले शिलबन्दी दरभाउपत्र मार्फत एनएबिडि कन्स्ट्रक्शन एण्ड सप्लायर्सबाट २४९४० प्याकेट स्यानिटरी प्याड खरिद गरेकोमा निम्न अनुसार देखियो ।
(१) स्यानिटरी प्याड खरिदको लागत अनुमान तयार गरेको आधार पेश भएन ।
(२) स्यानिटरी प्याड विक्रीका लागि ३ वटा फर्मले शिलबन्दी दरभाउपत्र पेश गरेकोमा न्यु शंकर ट्रेडर्स एण्ड सप्लायर्सले प्रति प्याकेट मुअकर सहित रु ४५ कबोल गरेको, कार्यालको शिलवन्दी दरभाउपत्र दर्ता रजिष्टरमा ४ लाहा छाप लगाएको उल्लेख गरेको र बिडरले बिड डकुमेन्टमा एनसिसि ब्याङ्क महेन्द्रनगरको ५००००। को जमानत पेश गरेको उल्लेख गरेको भएतापनि सो फर्मलाई Not Sealed Bid Document and Bank Guarantee भनी मूल्याङ्कनमा समावेश नगरी दर उल्लेख गर्नुपर्ने बिड डकुमेन्टमा रु ५२ लेखेर केरमेट गरी एकमुष्ट रकम रु १९७२७५४ लेखी पेश गरेको फर्म एनएबिडि कन्स्ट्रक्शन एण्ड सप्लायर्सको बिड स्विकार गरी खरिद गरेको पाइयो । यसरी प्रति प्याकेट ३४.१ कम कबोल गरेको फर्मबाट सो सामान खरिद नगरी रु ७९.१० कबोलको फर्मसँग खरिद गर्दा रु ८५०४५४। बढी व्ययभार परेकोले वोलपत्र स्विकृत गर्नेलाइ जिम्मेवार वनाइ उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>८५०४५४।</td></tr>
<tr><td>४३</td><td>औषधी खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. ३६५३२६४। का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः</td><td></td></tr>
</table>

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
४३.१	खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	
४३.२	आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश गरेको छैन ।	
४३.३	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
४३.४	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको छैन ।	
४३.५	औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।	
४३.६	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
४४	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना कार्यान्वयन भएका छन् । साथै श्रमिकको संख्या पनि अधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गरेको पाइयन ।	
४५	**प्राविधिक नापजाँच** : १३७।३।२७ बाट वडा नं २ को रोजगार उपभोक्ता समितिले सूचिकृत वेरोजगारको लागि पारिश्रमिकमा आधारित योजना अन्तर्गत पिसिसि बाटो निर्माण गरी लागत अनुमान ७,६१,३८५ बराबरको बिल पेश गरेकोमा कार्य सम्पन्न प्रतिवेदन तयार नगरेको रु	७६१३८५
४६	**मु.अ. कर** : कार्यालयबाट संचालन भएका आयोजनाको लागत अनुमान तयार गरी उपभोक्ता मार्फत कार्य गराउँदा संम्झौता अनुसार भुक्तानी गर्दा मु. अ. कर लाग्ने आइटमको मु. अ. कर समेत भुक्तानी गरेको छ । तर लागत अनुमान बनाउँदा मु. अ. कर एकिन गर्नुपर्नेमा सो गरेको छैन । यसले गर्दा मूल्य अभिवृद्धि कर करविजक भन्दा बढी भुक्तानी हुने संभावना रहेकोले मु. अ. कर एकिन गरी सो अनुसार भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ ।	
४७	**बहालकर** : ४९।२०७७।२।२० — सतबाँझ श्रीभावर सडक निर्माण कार्यमा निर्माण सामाग्री ढुवानी गर्दा से. १ त. २०५१, भे. १ त. १२१९, से. १ त. १२१९, से. १ त. ८०३०, म. १ त. १०८६ नं. को टयाक्टर प्रयोग हुँदा कुल भुक्तानी १५ लाखमा बहालकर १० प्रतिशत कट्टा गर्न छुट भएको रु	१५००००।

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४८</td><td>कार्यस्वीकार प्रतिवेदन : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले निर्माण सम्पन्न भएको निर्माण कार्यको सेवा स्वीकार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । यसरी प्रतिवेदन तयार भएपछि गर्ने भुक्तानीको प्रकृया अगाडि बढाउनु पर्नेमा निम्नानुसारका योजनामा कार्यस्वीकार प्रतिवेदन बिना भुक्तानी भएको छ । तोकिएको कार्य सार्वजनिक निकायको हितमा सम्पन्न भएको एकिन गरेर मात्रै भुक्तानी हुनुपर्नेमा सो बेगर भुक्तानी गरेको छ ।
<table>
<tr><th>भौ.नं.। मिति</th><th>योजना</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२३९।२०७७।३।३०</td><td>स्यागैरु — चिल्लेपानी सडक</td><td>३०८६४०६</td></tr>
<tr><td>२४२।२०७७।३।३०</td><td>सेउडे — विजुल वणथला सडक</td><td>३४०९८७७</td></tr>
<tr><td>२२४।२०७७।३।३०</td><td>खर्कधारा -धुलिधार भूमिराज हे.पो.</td><td>२९८३००१</td></tr>
<tr><td>२२८।२०७७।३।३०</td><td>संसारीमाण्डौं तल्लो घट्टा देखि सेरा सिंचाई योजना</td><td>३४१५९३३</td></tr>
<tr><td>२२७।२०७७।३।३०</td><td>भुवनेश्वर मा.वि. भवन निर्माण</td><td>४९४३४६२</td></tr>
<tr><td>२२८।२०७७।३।३०</td><td>बगरखोला दहबगर गुजर सडक</td><td>३४१९८२७</td></tr>
<tr><td>२२९।२०७७।३।३०</td><td>मोतीबगर — झाड्वा सडक निर्माण</td><td>३४१९१०५</td></tr>
</table></td><td></td></tr>
<tr><td>४९</td><td>परामर्श सेवा - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्यमा आवश्यक्ता अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ ।तर गाउँपालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई खानेपानी, सडक भवन लगायतका योजनाहरुको DPR Drawing desigen, cost estimate लगायतका प्राविधिक कार्यको सोझै खरिद गरी रु.२९००५६८। खर्च लेखेका छन् । गाउँपालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाताको नाम</th><th>लागत अनु.</th><th>खर्च रकम</th></tr>
<tr><td>६ वटा खानेपानीको डिपीआर तयार गर्ने</td><td>एनआर कन्स्ट्रकसन & इन्जिनियरिङ्ग कन्सल्टेन्ट</td><td>५०१४९४</td><td>४९९८८३</td></tr>
<tr><td>९ वटा सडकको २८ किमी डिपिआर तयार गर्ने</td><td>युआरभी इन्जिनियरिङ्ग सर्भिस प्रा लि</td><td>१९९९९३१</td><td>१९८३१५०</td></tr>
<tr><td>५ वटा मन्दिरको डिपिआर तयार गर्ने</td><td>प्रोसेस इन्जिनियरिङ्ग सर्भिस प्रा ली</td><td>४२६८२३</td><td>४१७५३५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२९००५६८</td></tr>
</table></td><td></td></tr>
<tr><td>५०</td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत खर्च गरेको विवरण प्राप्त भएन । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । नियमावलीले तोके अनुसारको खर्चमा नियन्त्रणका लागी कन्टिन्जेन्सी खाता अद्यावधिक हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५१</td><td>योजना हस्तान्तरणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समुदाय मार्फत निर्माण सम्पन्न योजना निर्माण सम्पन्न भएपश्चात्त आयोजनाको स्वामित्व सोही समितीलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको, कार्यालयले सो बमोजिम योजना हस्तान्तरण गरेको पाईएन । योजना हस्तान्तरण नहुँदा सोको रेखदेख, मर्मतको जिम्मेवारी समेत कार्यालयलमा रही थप व्ययभार थपिन जाने देखिन्छ ।</td><td></td></tr>
</table>

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
५२	**निर्माण कार्यको गुणस्तरः** सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार,सिमेण्ट,मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने परिक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ ।	
५३	**बीमा गराउनुपर्नेः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैंयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बिमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश भएका छैनन्। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागथि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ ।	
५४	**उपभोक्ताको विल भपाईः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ता को कामको प्राविधिक मूल्याङ्कन, विलभपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उपभोक्तालाई रकम दिनु पूर्व कार्यालयले निर्माण कार्यको नापी गर्ने र नापीको आधारमा विल तयार गरी उपभोक्ताको योगदानको अशं कटाई भुक्तानी दिने गरेको छ।उपभोक्ताले खरिद गरेको सिमेन्ट, आइरन लगायतका सामानको विल/विजक तथा भर्पाई राख्ने गरेतापनी Stone Masonary Wall, Gravelling जस्ता कार्यका लागि आवश्यक ढुँगा, ग्रावेल खरिदका रोयाल्टी बिल राख्ने नगरेकोले उपभोक्ताबाट भएको वास्तविक खर्च एकिन गर्न सकिएन भने उक्त सामग्री खरिद बापत भुक्तानी हुने रकम समेत एकिन गर्न नसकिने हुनाले, सो सम्बन्धमा तहाँबाटै छानबिन गरी बास्तविक खरिद भएको बिलको आधारमा मात्र भुक्तानी दिई अनावश्यक भुक्तानी नियन्त्रण गर्नु पर्दछ।	
५५	सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ। कार्यालय र उपभोक्ताबिचको सम्झौतामा विभिन्न निर्माण सामग्री तथा निर्मित संरचनाको **Quality Assurance** का लागि **Lab Test** को व्यवस्था गरिएको छैन । उपभोक्ताद्वारा निर्माण गरिएको संरचनाको **Lab Test** भएको छैन ।गुणस्तर परिक्षणबिना उपभोक्ताबाट निर्मित विभिन्न सडकमा अन्य निर्माण कार्यको गुणस्तरीय भएको कुरामा आश्वस्त हुन सकिएन ।	

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>५६</td><td>गाउँपालिकाले निर्णय गरे बमोजिम समपुरक कोषबाट आयोजना संचालन गर्न स्वीकृत, पेश र छनौट भएका आयोजनाहरु ५० प्रतिशत गाउँपालिका र ५० प्रतिशत प्रदेश र संघीय कोषबाट बिनियोजन भएकोमा बिनियोजित आयोजनामा संघ र प्रदेश सरकारबाट बजेट व्यवस्था भएपनि निम्नानुसारका योजनाहरुमा गाउँपालिकाले ५० प्रतिशत भन्दा न्यून बिनयोजन गरेकोले नियमित नभएको रु
<table>
<tr><th>भौ. नं ।मिति</th><th>योजनाको नाम</th><th>गापाबाट भएको न्यून रकम</th></tr>
<tr><td>२२४।२०७७।३।३०</td><td>खर्कांधार- धुलिधार भूमिराज हेल्थपोष्ट</td><td>२५५८६१</td></tr>
<tr><td>२२७।२०७७।३।३०</td><td>भुवनेश्वरी मावि भवन निर्माण क्रमागतमा हालसम्म पालिकाबाट कम</td><td>४३५०००</td></tr>
<tr><td>२३०।२०७७।३।३०</td><td>खल्लेक कट्टे मेनिलिमाण्डौं सडक</td><td>६०००००</td></tr>
<tr><td>२३५।२०७७।३।३०</td><td>वडाकार्यालय झाड्बो सडक</td><td>३०००००</td></tr>
<tr><td>३३९।२०७७।३।३०</td><td>स्यागैरु चिल्लेपानी सडक</td><td>६०००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२१९०८६१</td></tr>
</table></td><td>२१९०८६१</td></tr>
<tr><td>५७</td><td>मिलोमतो : सार्वजनिक खरिद ऐन, २०६३ [१] (क) अनुसार ऐनको दफा ६२ बमोजिम आचरण विपरित कार्य गरी बोलपत्रदाताहरु बीच खरिद सम्बन्धी काम बाडँफाडँ गर्ने वा बोलपत्र वा प्रस्तावको मूल्य कृत्रिम वा अप्रतिस्पर्धी तरिकाले कायम गर्ने वा अन्य कुनै तरिकाले सार्वजनिक निकायलाई खुल्ला वा स्वतन्त्र प्रतिस्पर्धाको नामबाट बञ्चित गर्ने उद्धेश्यले बोलपत्र वा प्रस्ताव पेश गर्नु अघिपछि मिलोमतो गर्न नहुने व्यवस्था छ । यस गाउँ कार्यपालिकाले बोलपत्रको माध्यमबाट खरिद प्रकृया अपनाएका निम्नानुसारका विभिन्न ठेक्काहरुमा इ-विडिङ्ग भएको छैन । कार्यालयले एकैपटक एउटै सूचनाबाट पेश गर्ने अनुपात अत्यधिक न्यून छ । बोलपत्र पेश गर्ने मध्ये सबैले एक एक ठेक्कामा पाउने गरी बोलपत्र पेश गरेको देखियो । लागत अनुमानको तुलनामा ठेक्का पाउनेको कबोल अंक १ प्रतिशत भन्दा न्यून रहेको छ । यस सन्यर्त्रमा कार्यालयले ठेक्का प्रकृयामा मिलोमतो भयो भएन भनेर मूल्यांकन गरी कार्यालयले सूचीमा राख्नु पर्नेमा सो अनुरुप कारबाही गरेको छैन । यसरी ठेक्का प्रकृयामा मिलोमतोको संभावना देखिदा कार्यालयले आवश्यक छानबिन गरी जिम्मेवारी वहन गरेको देखिएन । यस्तो प्रकृयाबाट खरिद कार्य गर्दा मितव्ययी, गुणस्तरीय र पारदर्शी र कर्मचारी जिम्मेदार र जवाफदेही हुनु पर्दछ ।
<table>
<tr><th>योजनाको नाम</th><th>बोलपत्र विक्री</th><th>बोलपत्र दर्ता</th><th>लागत अनुमान</th><th>कबोल रकम</th><th>न्यून प्रतिशत</th></tr>
<tr><td>खर्कांधार धुलिधार भूमिराज हो प निर्माण</td><td>२५ वटा</td><td>१ वटा</td><td>२९,८३०४५।९४</td><td>२९,८३०४५।५०</td><td>०.००%</td></tr>
<tr><td>संसारीमाण्डौं तल्लो घट्टा देखि सेरा सिंचाई योजना</td><td>२८ वटा</td><td>१ वटा</td><td>३४,१९६४४।९८</td><td>३४,१५९३३।०५</td><td>०.०१%</td></tr>
<tr><td>भुवनेश्वर मावि , भवन निर्माण</td><td>२८ वटा</td><td>२ वटा</td><td>४९५८१५९।८९</td><td>४९४३४६२।५६</td><td>०.२९%</td></tr>
<tr><td>बगरखोला दहबगर — गुजर सडक</td><td>२८ वटा</td><td>१ वटा</td><td>३४१९६४९।७३</td><td>३४१९६२७।३७</td><td>०.००१%</td></tr>
<tr><td>मोतीनगर झाड्बो सडक निर्माण</td><td>२७ वटा</td><td>१ वटा</td><td>३४१९५८७।५६</td><td>३४१९१०५।०७</td><td>०.००१%</td></tr>
<tr><td>खल्लेक कट्टे- मेनिलमाण्डौं सडक</td><td>२८ वटा</td><td>१ वटा</td><td>३४१९६३९।५६</td><td>३४१९५४३।०४</td><td>०.००१%</td></tr>
<tr><td>वडा कार्यालय झाड्बो सडक</td><td>२९ वटा</td><td>१ वटा</td><td>३४१९६३९।५६</td><td>३४१८८५३।६७</td><td>०.०१%</td></tr>
<tr><td>स्यागैरु- चिल्लेपानी सडक</td><td>३५ वटा</td><td>१ वटा</td><td>३४१९६२१</td><td>३४१८४६।१८</td><td>०.०१%</td></tr>
<tr><td>सिउडे — बिजुल वागयला सडक</td><td>३१ वटा</td><td>१ वटा</td><td>३४१९५५२</td><td>३४०९८७७।२९</td><td>०.२८%</td></tr>
</table></td><td></td></tr>
<tr><td>५८</td><td>३।०३-२: प्रदेश सरकारबाट प्राप्त विशेष अनुदानबाट कार्यालयले परामर्शदाता छनौट गरी लैङ्गिक तथा प्रजनन् स्वास्थ्य कार्यक्रम गर्न परामर्शदाता छनौट गरेकोमा निम्न अनुसार देखियो ।</td><td></td></tr>
<tr><td>५८.१</td><td>सार्वजनिक खरिद नियमाली, २०६४ को नियम १२ अनुसार परामर्श सेवाको लागत अनुमान सोही (४) नियमावलीको अनुसूची-१क. को ढाँचामा तयार गर्नुपर्नेमा सो बमोजिम गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>५८.२</td><td>कार्यालयले हेल्थ मिडिया टुडेलाई ओभरहेड कस्ट भनी मुअकर बाहेक रु २२२२६३ भुक्तान गरेको</td><td></td></tr>
</table>

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	छ। यसरी परामर्शदातालाई दिएको ओभरहेड रकमअसुल गर्नुपर्ने रु	२२२२६३
५९	**सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । गाउँपालिकाले यो वर्ष कार्यलय सामान तथा मसलन्दमा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ रु २९९९९९८। को सामान सोझै खरिद गरेको देखियो । यसरी प्रतिस्पर्धा सिमित हुने गरी खरीद गरेकोले कानुन पालन गरेर खरिद गर्नुपर्दछ ।	
६०	भौ न ३।०७६।६।१० बाट वडा कार्यालयमा कर्यरत कर्मचारीको तलव रु ९०८८४२।८० खर्च लेखेको छ ।गत आर्थिक वर्षको भुक्तानी दिएकोले भुक्तानी दिन बाँकीको विवरण [म ले प फा न १८] प्रमाणीत नभएको रु	९०८८४२
६१	**गाडी भाडा** : गाउँपालिका पदाधिकारी तथा अन्य कर्मचारीहरुले पटके रुपमा सम्झौता गरी यस वर्ष गाडी भाडा रु ९९८२४४। खर्च लेखेको छ । कुन प्रयोजनको लागि गाडी भाडा लिनुपर्ने सो समेत उल्लेख नगरी पालिकाबाट धनगढि, बैतडी सदरमुकाम, अन्य ठाउमा गएको भनि पटक पटक गरी गाडी भाडा लिइ खर्च गरेकोले कार्यालयको अति आवश्यक कामको लागि मात्र गाडी भाडामा लिइ खर्च गर्नुपर्दछ ।	
६२	**भ्रमण खर्च** : भौ न ९१।०७६।८।१८ बाट स्वास्थ्य संयोजक मोहन सिंह ठगुन्ना २०७६।४।१ देखि २०७६।४।३० सम्म श्रावन महिनको १९ गते वाहेक पुरै महिनाको २०७६ भाद्र महिनाको १६ र १७ गते वाहेक पुरै महिनाको असोज महिनाको २० दिनको र कात्तिक महिनामा २०७६।७।२ देखि ७।८ सम्म र २०७६।७।१६ देखि ७ ।२२ सम्मको कार्यापालिकाबाट, बैतडी र पालिकामा अनुगमन कार्यको लागि भ्रमण आदेश स्विकृत गरी रु ११८२७६।भ्रमण तथा अनुगमन खर्च लेखेको छ । स्विकृत भ्रमणको अवधीमा समेत कार्यालयमा हाजिर गरेको देखिन्छ । श्रावन र भाद्र महिना भरी नै कुन प्रयोजनको लागि काजमा गएको सो समेतको अनुगमन प्रतिवेदन पेश गरेको छैन ।अनुगमन तथा भ्रमणमा रहेको समयमा कार्यालयमा उपस्थित देखियको र पुरै महिनाभरी नै अनुगमन गरी खर्च लेखेकोले सो सम्वन्धमा पालिकाले छानविन गरी अनुगमन खर्च यकिन गर्नुपर्ने रु	११८२७६
६३	**ढुवानी खर्च** : २१०।०७६।७।२७ बाट औषधी ढुवानी गरेको भनि हस्त लिखित भरपाइ गराइ रु १३२०००। खर्च लेखेको छ । स्वास्थ्य सम्वन्धी उपकरण तथा औषधी वर्थीङ्ग सेन्टरमा के कति परिमाणमा ढुवानी गरेको दाखिला गरेको प्रमाण समेत समेत उल्लेख नगरी हस्त लिखित भरपाइ गरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु	१३२०००
६४	गाउँपालिकाद्धारा जनहितमा जारी सन्देश विज्ञापन एग्रो टाइम्स मासिक पत्रिकमा प्रकाशन गरे वापत मासिक रु १५०००।भुक्तानी गर्ने गरी कार्यालयले सम्झौता गरेको देखिन्छ । गाउँपालिकाद्धारा जारी सन्देश केन्द्रबाट प्रकाशित हुने मासिक पत्रिकामा प्रकाशन गर्दा दुर्गम स्थानमा रहेको पालिकाका जनतालाइ कुनै लाभ हुने देखिनदैन । जनतासंग प्रत्यक्ष लाभ हुने योजना संचालन गर्नुपर्नेमा बजेट खर्च गर्ने उद्देश्यले सम्झौता गरी रु १८००००। भुक्तानी दिएकोले औचित्यहिन कार्यको लागि सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार बनाउनु पर्ने र उक्त मासिक पत्रिकमा सन्देश प्रकासन गरी खर्च लेखेको अनियमित देखियको रु	१८००००
६५	**स्वास्थ्य शिविर खर्च** : ५०२।०७७।२९ बाट गत आर्थिक वर्षमा संचालित स्वास्थ्य शिविर संचालन रु ५६५०००। खर्च लेखेको छ । गत साल संचालन भएको शिविरमा भुक्तानी दिन बाँकीको विवरण प्रमाणित नगरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु	५६५०००

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
६६	**मोवाइल खरिद :** ६६६।०७६।३।१६ बाट न्यायीक समितिका सदस्यहरुको लागि ६ थान खरिद गरी रु ९९५९८। खर्च लेखेको छ ।उक्त मोवाइल कुन कुन व्यक्तिको लागि खरिद गरेको र न्यायिक समितिका सदस्यलाइ मोवाइल खरिद गरी दिन मिल्ने प्रमाण पेश गर्नुपर्ने रु	९९५९८
६७	**वैठक भत्ता :** भौ न ७४८।०७७।३।२५ बाट सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी ऐन २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाका सदस्यले आफु निर्वाचित भइ अनुसुचि १ बमोजिम पद तथा गोपनियताको सपथ लिइ आफनो पदको काम कारवाही शुरु गरेको मितिले अनुसुचि १ ख मा उल्लेखित सुविधा मात्र दिन मिल्ने देखिन्छ । कार्यलयले अनुसुचिमा उल्लेखित सुविधा मात्र दिइ खर्च लेखनु पर्नेमा वडा न १ का वडा समितिका सदस्य तथा अन्य व्यक्ति वडासिमितिको वैठकमा उपस्थित भएको उल्लेख गरी वैठक रु १४००००। खर्च लेखेको छ । पदाधिकारी तथा सदस्यले पाउने सुविधा ऐनमा वडा समितिको वैठकमा उपस्थितलाइ भत्ता पाउने उल्लेख नगरेकोमा भत्ता खर्च लेखेकोले उक्त खर्च लेखन पाउने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु	१४००००
६८	**जेष्ठ नागरीक सम्मान कार्यक्रम :** गो भौ न ७७६।०७६।३।२८ बाट वडा न ३ का जेष्ठ नागरीक सम्मान कार्यक्रमको लागि रु ६२५००।बजेट स्विकृत भएको र उक्त कार्यक्रम संचालन गरेको भनि रु ६२५००। खर्च लेखेकोमा जेष्ठ नागरिक सम्मान कार्यक्रम जेष्ठ नागरिको उपस्थित भएको प्रमाण पेश नभएकोले उक्त कार्यक्रममा सहभागीको नाम र वितरण गरेको भरपाइ पेश हुनुपर्ने रु	६२५००
६९	**भ्रमण खर्च :** सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च ४३८४६४९। भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्। • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरु गाउँपालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
७०	**नापी किताव पेश नभएको :** ४।०७७।३।२९ बाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले कुनै पनि निर्माण कार्यको रनिङ्ग विलको भुक्तानी गर्दा नापी कितावको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख गरेको छ । पालिकाले उच्चकोट मा वि भवन तथा घेरवार निर्माण गरी रु १४४००००। भुक्तानी गरेकोमा उक्त निर्माण कार्यको नापी किताव पेश नभएको रु	१४४००००

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
७१	कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियकालाप २।१५।६३६ मा अनुमती प्रासगरि संचालनमा रहेका र कुनैपनि दरवन्दी तथा राहात अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाइ शिक्षक व्यवस्थापन गर्न अनुदान दिन सकिने व्यवस्था छ । यस सम्वन्धमा विद्यालयमा विद्यार्थि शिक्षक अनुपातको प्रमाण शिक्षक नियुक्तिको प्रमाण संलग्न नगरी विद्यालयलाइ रकम रु १७९४००००।अनुदान दिएको छ । यस प्रकार शिक्षण सिकाइ अनुदान शिक्षा विकास तथा मानव श्रोत विकास केन्द्रबाट उपलव्ध हुने व्यवस्था हुदाहुदै आधार प्रमाण वेगर दोहोरो तथा अनावश्यक खर्च हुने स्थितमा निकासा दिएको रकम सहि प्रयोग नहुन सकने देखिन्छ ।अत उक्त विद्यालयमा शिक्षक आवश्यक प्रमाण र मानव श्रोत विकास केन्द्रबाट रकम प्राप्त नभएको र तलव वुझेको प्रमाण वेगरको निकासा दिएको रु	१७९४००००
७२.१	सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेमा समयमै सो कार्य भएको छैन ।	
७२.२	सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्ने व्यवस्था सम्पुर्ण वडाहरुमा कार्यान्वयन भएको छैन ।	
७२.३	मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा सामाजिक सुरक्षाको मुल अभिलेख तयार गरि पेश भएको छैन । लाभग्राहीको अद्यावधिक विवरणका आधारमा मात्र सामाजिक सुरक्षा भत्ता निकासा हुने व्यवस्था कडाईका साथ लागु गर्नु पर्दछ ।	

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>७२.४</td><td>सामाजिक सुरक्षा लाभग्राहीको प्रत्येक वडाबाट अद्यावधिक विवरण लिई वास्तविक तथ्याङ्कको आधारमा भुक्तानी गर्नुपर्नेमा निम्न लिखित भरपाइहरु दोहोरो परेकोले सो रकम वितरण गर्ने कर्मचारीबाट असुल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>गोभौनं</th><th>वडानं</th><th>वडा सचिवको नाम</th><th>समूह</th><th>लाभग्राहीको नाम</th><th>ना. नं</th><th>मिति</th><th>रकम</th></tr>
<tr><td>११</td><td>६</td><td>टंक प्रसाद अवस्थी</td><td>जे.ना. (द)</td><td>हजारी लुहार</td><td>२७४</td><td></td><td>8000</td></tr>
<tr><td>११</td><td>६</td><td>टंक प्रसाद अवस्थी</td><td>बा.बा. (द)</td><td>लीला लुहार</td><td>१</td><td>०७४।०६।३१</td><td>1600</td></tr>
<tr><td>१२</td><td>३</td><td>धर्मराज खत्री</td><td>ए.म.</td><td>सुना भट्ट</td><td>७३३०४८</td><td>२००६।१।१</td><td>12000</td></tr>
<tr><td>१२</td><td>१</td><td>धर्मराज खत्री</td><td>जे.ना. (अ)</td><td>मानमति चन्द</td><td></td><td>२००५।७।८</td><td>12000</td></tr>
<tr><td>१३</td><td>२</td><td>सुदर्शन खड्का</td><td>जे.ना. (अ)</td><td>कृष्ण ब. खड्का</td><td>७३१०४९।२१६</td><td>२००५।५।१७</td><td>12000</td></tr>
<tr><td>१३</td><td>२</td><td>सुदर्शन खड्का</td><td>जे.ना. (द)</td><td>धुले महर कामी</td><td>१०५२</td><td>२००५।५।७</td><td>8000</td></tr>
<tr><td>३१</td><td>७</td><td>राम ब. विष्ट</td><td>विधवा</td><td>गौरादेवी कुँवर</td><td>३१४</td><td>२०१८।१२।३०</td><td>8000</td></tr>
<tr><td>३१</td><td>७</td><td>राम ब. विष्ट</td><td>विधवा</td><td>धानादेवी कुँवर</td><td>१५१८</td><td>२०११।१२।३०</td><td>8000</td></tr>
<tr><td>३१</td><td>७</td><td>राम ब. विष्ट</td><td>बा.बा.</td><td>कमल चुनारा</td><td>४</td><td>२०७१।२।८</td><td>1200</td></tr>
<tr><td>३४</td><td>१</td><td>कर्णदेव भट्ट</td><td>जे.ना. (अ)</td><td>मानमित चन्द</td><td>१४१३</td><td>२००५।७।८</td><td>12000</td></tr>
<tr><td>३५</td><td>४</td><td>दानसिँह विष्ट</td><td>जे.ना. (अ)</td><td>भुरी देवी महरा</td><td>८९३</td><td>२००५।१२।३०</td><td>12000</td></tr>
<tr><td>३५</td><td>४</td><td>दानसिँह विष्ट</td><td>जे.ना. (अ)</td><td>भुरी देवी महरा</td><td>८९३</td><td>२००५।१२।३०</td><td>12000</td></tr>
<tr><td>८</td><td>४</td><td>दानसिँह विष्ट</td><td>जे.ना. (अ)</td><td>भुरी देवी महरा</td><td>८९३</td><td>२००५।१२।३०</td><td>12000</td></tr>
<tr><td>३५</td><td>४</td><td>दानसिँह विष्ट</td><td>जे.ना. (अ)</td><td>भानी महरा</td><td>९१३</td><td>२०००।१२।३०</td><td>12000</td></tr>
<tr><td>३५</td><td>४</td><td>दानसिँह विष्ट</td><td>जे.ना. (अ)</td><td>भानी महरा</td><td>९१३</td><td>२०००।१२।३०</td><td>12000</td></tr>
<tr><td>८</td><td>४</td><td>दानसिँह विष्ट</td><td>जे.ना. (अ)</td><td>भानी महरा</td><td>९१३</td><td>२०००।१२।३०</td><td>12000</td></tr>
<tr><td>८</td><td>४</td><td>दानसिँह विष्ट</td><td>जे.ना. (अ)</td><td>बेलमती चन्द</td><td>७३३०४८।३४२</td><td>२००४।५।१५</td><td>12000</td></tr>
<tr><td>८</td><td>४</td><td>दानसिँह विष्ट</td><td>विधवा</td><td>जमुना देवी महरा</td><td>१९९</td><td>२०२१।१२।३०</td><td>8000</td></tr>
<tr><td>८</td><td>४</td><td>दानसिँह विष्ट</td><td>विधवा</td><td>मानमती भट्ट</td><td>३९०</td><td>२०२४।२।५</td><td>8000</td></tr>
<tr><td>८</td><td>४</td><td>दानसिँह विष्ट</td><td>विधवा</td><td>हरु महरा</td><td>७३४०४०।४५२</td><td></td><td>8000</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>190800</td></tr>
</table></td><td>१९०८००</td></tr>
<tr><td>७२.५</td><td>सामाजिक सुरक्षातर्फ निकासा भएको मध्ये खर्च हुन नसकि वडा सचिवहरुले गाउँपालिकाको खातामा फिर्ता गरेको रु २२९६००। संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु</td><td>२२९६००</td></tr>
<tr><td></td><td>कोभिड- १९</td><td></td></tr>
<tr><td>७३.१</td><td>कोभिड रोग नियन्त्रण र व्यवस्थापन गर्न कोभिड पूर्व तयारी र कोभिड पश्चातका उपचारात्मक कार्यहरु, नियन्त्रण र व्यवस्थापन सम्बन्धी गतिविधी संचालन भएका छन् । यस अन्तर्गत जनचेतनामूलक कार्यक्रम संचालन, औषधी व्यवस्थापन, कोभिड १९ सेफ्टी सामाग्रीको प्रयोग, आइसोलेसन सेन्टर स्थापना, पि.सि.आर आर डि.टी. परिक्षण, हेल्पडेस्क स्थापना, राहत वितरण, बाटोमा फसेका व्यक्तिहरुलाई गाउँसम्म उद्धार गर्ने, क्वारिन्टीनमा राख्ने लगायतका कार्यहरु सम्पादन भएको देखिन्छ ।</td><td></td></tr>
<tr><td>७३.२</td><td>प्रकोप व्यवस्थापन कोष : यस गाउँपालिकाले प्रकोप व्यवस्थापन कोष खडा गरेको देखिएन । माग भएको विवरण अनुसार स्थानीय तहको आफ्नै बजेटबाट बिनियोजन भएको १ करोड ६० हजार, संघीय कोभिड कोष बाट १० लाख, प्रदेश कोभिड कोषबाट ११ लाख ९० हजार समेत १ करोड ३२ लाख ५० हजार आय व्यवस्थापन गरी सोही अनुरुप कोभिड व्यवस्थापनका विभिन्न कार्यक्रममा खर्च गरेको विवरण प्राप्त भएको छ ।</td><td></td></tr>
<tr><td>७४.</td><td>राहत वितरण गर्न सेवा ग्राही पहिचान गरी सो को आधारमा वास्तविक राहत योग्य मानिसमा राहत पुर्याउनु पर्नेमा यस गाउँपालिकाले राहत योग्य मानिसको तथ्याङ्क संकलन गरेको देखिएन ।वडा संख्या अनुसार पदाधिकारी तथा कर्मचारीहरु आ-आफ्नो वडामा राहत वितरण गरेको छ ।राहत योग्य मानिसको पहिचान र सो को आधारमा वितरण नगर्नाले वास्तविक राहतग्राही नपुग्ने, दोहोरिने संभावना रहन्छ । तसर्थ लाभग्राहीको तथ्याङ्क एकिन गरेर मात्रै राहत दिनु प्रभावकारी हुन्छ ।</td><td></td></tr>
<tr><td>७४.१</td><td>राहत सामाग्री खरिद : राहत सामाग्रीहरु चामल, दाल, नून, तेल, चिनि, साबुन लगायतमा कार्यालयले रु २४ लाख ३२ हजार १६० खर्च गरेको छ । राहत सामाग्री खरिद गर्दा हाते कोटेशन विधि प्रयोग</td><td></td></tr>
</table>

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	गरेको छ । राहत सामाग्रीको करिब ६० प्रतिशत कोटेशन भन्दा अघि सोझै समेत खरिद गरेको छ । समयमै प्रतिस्पर्धात्मक तवरले कार्यगरी राहत वितरण गर्ने तर्फ कार्यालयको ध्यान गएको देखिएन ।	
७५.	औषधि उपकरण खरिद सोझै खरिद प्रकृया अपनाएको छ । कोटेशन सम्म नलिनाले खरिद भएका मालसामान प्रतिस्पर्धी, गुणस्तरीय र मितव्ययी दरमा खरिद भए भन्नेमा एकिन हुन सकिएन। प्रतिस्पर्धीको माध्यमबाट सामान खरिदमा ध्यान दिनु पर्दछ ।	
७५.१	**क्वारेन्टिन।होल्डिङ्ग सेन्टर व्यवस्थापन** : यस गाउँपालिकाले आफ्नो क्षेत्रका नागरिकलाई कोभिडबाट जोगाउन विभिन्न १२ स्थानमा ५१८ शैय्याको बेडहरु रहेको क्वारिन्टिन स्थापना गरेको र क्वारिन्टिनमा बस्नेहरु कुलसंख्या १६१६ रहेको विवरण पेश भएको छ ।	
७५.२	**क्वारिन्टिन निर्माण र संचालन खर्च** : गाउँपालिकाले क्वारिन्टिन निर्माणमा २४९६७३ र व्यवस्थापन संचालनमा ४४ लाख १६ हजार ३१५ खर्च गरेको छ । क्वारिन्टिनमा प्रयोग भएका भाडा, वर्तन, सरसामान, ओढ्ने, ओछ्याउने, तकिया, पलङ्ग, म्याट्रेस, फर्म, वाल्टिन लगायतका सामाग्री खरिद गर्न सोझै प्रकृया अपनाएको देखियो । यसरी प्रतिस्पर्धा विना सोझै खरिद गर्दा खरिद प्रकृया पारदर्शी, व्यवस्थित, मितव्ययी र गुणस्तरीय नहुने भएकोले प्रतिस्पर्धी माध्यमबाट खरिद गर्ने परिपाटी बसाल्नु पर्दछ ।	
७६	**पेश्की** : निम्न व्यक्ति तथा संस्थालाइ दिएको पेश्की रकम आर्थिक वर्षको अन्तसम्म म्याद नाघेको पेश्की वाकी रहेकोले नियम अनुसार असुल फछ्यौंट गर्नुपर्ने रु	१६८२३२६
	आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजू :	
७७	राष्ट्रिय परिचयपत्र तथ पञ्जिकरण विभाग कार्यक्रम अन्तर्गत अर्थ मन्त्रालयको च न ६८७ मिति ०७६।१२।१२ को पत्रबाट खर्च शिर्षक २२५२२ रोक्का गरिएको र फुकुवा नभएको देखिन्छ ।कार्यक्रम खर्चमा विनियोजित रु २३५०००।मध्ये १४००००। खर्च गरेकोले उक्त खर्च नियमित गराउनु पर्ने वा असुल गर्नुपर्ने रु	१४००००।

(दफा ७६ अन्तर्गतको तालिका)

गौ भौ न	पेश्की लिनेको नाम	रकम
७।०७७।३।१८	अपरेटर खेमराज अवस्थीको	८००००।
१०।७७।३।७	नेपाल राष्ट्रिय मा वी ग्वानी	१९२०००।
४।०७६।८।३०	दांगल झोलुङ्गे पुल नि उ स	४२२३२६।
१२।०७७।२।१९	ढोले स्टिल ट्रस पुल	४०००००।
४५।०७७।२।१९	मल्ला ढोले देउलाड चौपाता डाडा खा पा यो	१६००००।
१४।०७७।१।१९	राम सिंह महरा	४०००००।
२७५।०७६।१२।२५	नर वहादुर महरा	१२०००।
५६२।०७७।२।२५	कर्ण देव भट्ट	१६०००।
		१६८२३२६

अनुसुची-१

संचितकोष विवरण

२०७६/७७

सुदूरपश्चिम प्रदेश

(रु.हजारमा)

जिल्ला	स्थानीय तह	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्याय				मौज्दात बाँकी
					गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व वाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
बैतडी	सुर्नया गाउँपालिका	३७२९५७	३९८२६	१०.६८	१७६५०	२९८३८७	४५९२२	२१२६	८८७३	३५४६१६	२३०११४	१००१०२	३२८८	३३३५०४	३९४५४

अनुसुची-२

बेरुजु बर्गिकरण(विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार)

(रु.हजारमा

जिल्ला		प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			वाँकी बेरुजू								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगानी		सैद्धान्तिक	लगानी		सैद्धान्तिक	लगानी			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभनां नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
बैतडी	सुर्नया गाउँपालिका	६४	३१	३९८२६	-	-	-	६४	३१	३९८२६	७१७१	८२६४	२२७०९	-	--	३०९७३	५०८	११७४	१६८२

अनुसुची-३

अध्यावधिक बेरुजु स्थिति

(रु.हजारमा)

जिल्ला	स्थानीय तह	गत बर्ष सम्मको वाँकी वेरुजु	समायोजन	सं प को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको वाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की	अनुसुची अनुसारको गत वर्षको बेरुजु	फरक रकम
बैतडी	सुर्नया गाउँपालिका	**५०६४४**	०	०	०	०	०	५०६४४	३९८२६	९०४७०	५६०५		